त्रिभुवन विश्वविद्यालय

विज्ञान तथा प्रविधि अध्ययन संस्थान

डीनको कार्यालय, कीर्तिपुरको

# B.Sc. भर्ना सम्वन्धि सूचना

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पसहरु र सम्बन्धन प्राप्त क्याम्पसहरुमा वार्षिक परीक्षा प्रणाली अनुसार पठन पाठन हुने विज्ञान तर्फ चार वर्षे स्नातक तह (B.Sc.) २०७४ मा भर्ना हुन इच्छुक विद्यार्थीहरुका निमित्त निम्नानुसारको नयाँ भर्ना कार्यक्रम प्रकाशित गरिएको छ ।

**भर्ना सम्बन्धी कार्यक्रम :**

१. आवेदन फारम वितरण : २०७४ साल भाद्र २ गते देखि यस विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तरगतका क्याम्पसहरु, सम्बन्धन प्राप्त क्याम्पसहरु र यस कार्यालयको Website: www.tuiost.edu.np बाट पनि आवेदन फारम Download गर्न सकिने छ ।

२. प्रवेश परिक्षा शुल्कः : रू ८००/- (परिक्षार्थीले प्रवेश परिक्षा शुल्क त्रि.वि., विज्ञान तथा प्रविधि अध्ययन संस्थानको नेपाल बैंक लिमिटेडमा रहेको चल्ती खाता नं ०४५००१०००९९१०७००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नुपर्नेछ ।)

३. आवेदन फारम बुझाउने अन्तिम मिति : अध्ययन गर्न चाहेको सम्वन्धित क्याम्पसमा २०७४ साल कार्तिक १७ गते सम्म ।

दोब्बर दस्तुर तिरी फारम बुझाउने मिति : २०७४ साल कार्तिक २४ गते सम्म ।

४. आंगिक क्याम्पसहरु र सम्बन्धन प्राप्त क्याम्पसहरुले डीन कार्यालय, प्रवेश परिक्षा समन्वय समिति, कीर्तिपुरमा फारम पठाउदा Biological र Physical Group का अलग अलग फाइल तयार गरी १/१ हप्तामा पठाउनु पर्ने छ ।

५. प्रवेश परिक्षा हुने मिति र समय : २०७४ मंसीर २ गते शनिवार ।

Biological Group : विहान ११:०० बजे देखि १:०० बजे सम्म ।
Physical Group : दिउँसो २:०० बजे देखि ४:०० बजे सम्म ।

६. परिक्षा केन्द्र : पछि प्रकाशित गरिने छ ।

७. प्रवेश पत्र वितरण : आफुले फारम भरेका क्याम्पसहरुबाट मिति २०७४ कार्तिक २२ गते देखि ।

८. आवेदनको लागि न्यूनतम योग्यता : त्रि.वि वा सो बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह विज्ञान (I.Sc.) वा उच्च माध्यामिक विद्यालयको १०+२ तह विज्ञान वा A-Level Science वा सो सरह उर्त्तीण गरेको हुनुपर्ने छ ।

९. प्रवेश परिक्षा सम्बन्धि अन्य जानकारी : प्रवेश परिक्षाको अंक भार १०० पूर्णाकं को हुनेछ । जसमा I.Sc. र १०+२ वा A-Level Science वा सो सरहको पाठ्यक्रमको आधारमा Biological Group को लागि Botany, Zoology, Chemistry र Physical Group का लागि Mathematics, Physics, Chemistry विषयको २ घण्टाको परिक्षा हुनेछ । प्रवेश परिक्षाको सम्पूर्ण प्रश्नहरु वस्तुगत (Objective) हुने छन् ।

१०. कक्षा संचालन : २०७४ मंसिर १५ गते देखि ।

**विद्यार्थीहरुले फाराम बुझाउँदा नेपाली नागरिता र शैक्षिक प्रमाण पत्रहरुको प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।**

नोटः कक्षा ११ पास भई कक्षा १२ को मौका परिक्षामा बस्ने विद्यार्थीहरुले समेत यस कार्यक्रममा Provisional रूपमा आवेदन दिन सक्नेछन् तर प्रवेश परिक्षा हुने मिति सम्म मौका परिक्षा उर्त्तीण गरेको प्रमाणपत्र पेश गरेमा मात्र आवेदन मान्य हुनेछ ।

सहायक डीन